आम्दा नेपाल
सिद्धार्थ बाल तथा महिला अस्पताल
बुटवल, रुपन्देही

**शिलबन्दी बोलपत्र/दरभाऊपत्र आव्हानको सूचना**

**सूचना नं. ५५०/२०८०_८१**

(प्रथम पटक प्रकाशित मिति:२०८१/०३/१०)

आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलमा रहेका केहि पुराना बस्तुहरुको लिलाम बिक्रि गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक खरिदकर्ताहरुबाट यो सूचना (सूचना नं ५५०/२०८०_८१) प्रकाशित भएको मितिले १० दिन भित्र आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र आब्हान गरिएको छ।

शर्तहरु:

१. इच्छुक बोलपत्र/दरभाऊपत्र खरिद कर्ताले बोलपत्र/दरभाऊपत्र फारम खरिदका लागि रु.५००।००(अक्षेरुपी पाँचसय मात्र) फिर्ता नहुने गरी नगद तिरी फर्म/कम्पनि नवीकरण भएको ईजाजतपत्रको प्रतिलिपि, प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७९/८० सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरि लिखित निबेदन दिई आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र/दरभाऊपत्र पेश गर्दा शिलबन्दीखामको बाहिर फर्म/कम्पनीको नाम, ठेगाना, सम्पर्क टेलीफोन नम्बर स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ। शिलबन्दी खाममा आफुले खरिद गर्न चाहेको बस्तुको नाम र सूचना नम्बर प्रष्टसंग लेखिएको हुनुपर्नेछ।

३. रितपूर्वकको शिलबन्दी बोलपत्र/दरभाऊपत्र यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र अर्थात् मिति २०८१/०३/१९ गते दिनको ४.०० बजे भित्र आम्दा नेपाल ,सि.बा.म. अस्पतालको कार्यालय दीपनगर बुटवलमा पेश गरिसक्नुपर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन तोकिएको स्थान र समयमा पेश गरिसक्नु पर्नेछ।

४. बोलपत्र/दरभाऊपत्र फारम भर्दा जम्मा रकम नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा दुविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सहीछाप गर्नु पर्नेछ । बोलपत्र/दरभाऊपत्रको प्रत्येक पानामा बोलपत्रदाताले सहीछाप गरेको हुनुपर्नेछ। त्यसो नभएको पाईएमा बोलपत्र फारम रद्द गर्न सकिनेछ। नेपाल सरकारलाई तिर्नि बुझाउन पर्ने भ्याट, स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका कर तथा शुल्कहरुको दायित्व बोलपत्रदाताको हुनेछ। बोलपत्रदाताले तोकिएको सामान खरिद गरि उठाउने स्थान , अवधि, शर्तहरु आदिको पूर्ण विवरण बुझी जानी दररेट भरेको मानिनेछ।

५. बोलपत्र/दरभाऊपत्रमा संसोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपाल, सि.बा.म. अस्पतालले संसोधन गर्न सक्नेछ। अन्य शर्त तथा कार्यविवरण बोलपत्र/दारभाउपत्रमा उल्लेख भए बमोजिम हुनेछ। रितपूर्वक प्राप्त नभएका बोलपत्र उपर कुनै कारवाही हुने छैन।

६. शिलवन्दी बोलपत्र/दरभाऊपत्रहरु मिति २०८१/०३/२० गते दिउसो ११ बजे बोलपत्र/दरभाऊपत्रदाताहरु वा निजका प्रतिनिधिहरु समेतको रोहवरमा आम्दा नेपाल सि.बा.म.अस्पतालको कार्यालय बुटवलमा खोलिनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन सोहि समय र स्थानमा खोलिनेछ। बोलपत्र/दरभाऊपत्रदाता वा प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाऊपत्र खोल्न बाधा पुग्ने छैन।

७. लिलाम बिक्रीको लागि छुट्टाइएको तौलमा आधारित वस्तुहरु धर्मकाँटामा लगेर तौल गरिनेछ। धर्मकाँटामा तौल गर्दा लाग्ने खर्च, लोड अनलोड खर्च एवम ढुवानी खर्च आदि लाग्ने सम्पूर्ण खर्चहरु बोलपत्र/दरभाऊपत्रदाताले व्यहोर्नुपर्नेछ। बस्तुहरु

Scanned with CamScanner

छुट्टाउदा, ढुवानीगर्दा, लोड अनलोड गर्दा एवम धर्मकाँटामा तौल गर्दा हुन सक्ने जुनसुकै जोखिमको जिम्मेवार बोलपत्र/दरभाऊपत्रदाता हुनेछ। अस्पताल जवाफदेही हुने छैन।

८. सबै भन्दा बढी दरभाऊ कबोल प्रस्ताव गर्ने बोलपत्र/दरभाऊपत्रदातालाई तोकिएका वस्तु बिक्रि गरिनेछ।

९. छनोट पश्चात लिलाम बिक्रि गरिने वस्तुको अनुमानित तौल बराबरको रकम बुझाएर मात्र बिक्रि गरिने वस्तुहरु धर्मकाँटामा लैजान पाइनेछ। तौल गरिसके पछी बुझाएको रकम बढी भएमा फिर्ता गरिनेछ भने कम भएमा थप बुझाउनु पर्नेछ।

१०. लिलाम बिक्रि गरिने बस्तुहरु एक वा एक भन्दा बढी बोलपत्र/दरभाऊपत्रदातालाई बिक्रि गर्न सकिनेछ।

११. सवारीसाधनको हकमा एकमुष्ट वा तौलमा आधारित दुवै जुनसुकै मापदण्डका आधारमा लिलाम बिक्रि गर्न सकिनेछ।

१२. छनोट भएको बोलपत्र/दरभाऊपत्रदाता वा खरिदकर्ता र आम्दा नेपाल, सि. बा. म. अस्पताल बिच सझौता संम्पन्न हुना साथ सि. बा. म. अस्पतालले पत्र पठाउनेछ। पत्र जारी भएको मितिले ७ दिन भित्र तोकिए बमोजिमको बस्तुहरुको अनुमानित मूल्य बराबरको रकम बुझाएर उक्त बस्तुहरु लगी सक्नुपर्नेछ। तोकिएको समयमा तोकिएका बस्तुहरु नलगेमा त्यस्ता खरिदकर्ताहरुलाई प्रचलित कानून बमोजिम कार्यवाही गर्न सकिनेछ। तोकिएको समयमा तोकिएको वस्तु नउठाएमा अर्को दोश्रो बढी दररेट प्रस्ताव गर्ने बोलपत्र/दरभाऊपत्रदाता लाई मौका दिने वा सम्पूर्ण प्रक्रिया रद्ध गर्ने भन्ने सम्पूर्ण अधिकार आम्दा नेपाल, सि. बा. म. अस्पतालमा सुरक्षित् रहनेछ।

१३. खरिद/बिक्रि नहुने वस्तुहरुलाई तोकिएको स्थानमा व्यवस्थित रुपमा राखिदिनु पर्नेछ।

१४. बोलपत्र/दरभाऊपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, पूर्णरुपमा आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालमा सुरक्षित् रहनेछ।

बोलपत्र/दरभाऊपत्र सम्बन्धी थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ।

<u>सम्पर्क राख्ने ठेगाना</u>

कार्यालयको नाम: आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल
ठेगाना: बुटवल-७, दीपनगर , रुपन्देही।
फोन नं. ०७१५०२०९७, ५०२१०१

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको उपरोक्त सूचना बमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्वीकार गर्दछु/गर्दछौं।

सस्थापक वा आधिकारिक पदाधिकारीको नाम:.........................................................................

हस्ताक्षर:.........................................

मिति:.............................................

फर्म/कम्पनीको छाप :

CS Scanned with CamScanner